म.जि.प्र.का दर्ता नः १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

वर्षः१५ अङ्कः- ३३६ २०८१ कार्तिक २८ गते बुधबार 13 November 2024, Wdenesday - पृष्ठ ४मूल्य रू. ५/-

## भीडमाथि कार कुदाउँदा ३५ जनाको मृत्यु

काठमाडौंः चीनको जुहाइ शहरमा एक व्यक्तिले रंगशाला बाहिर व्यायाम गरिरहेका मानिसहरुमाथि कार कुदाएका छन् । यो दुर्घटनामा कम्तीमा ३५ जनाको मृत्यु भएको छ भने ४३ जना भन्दा बढी घाइते भएका छन् । ६२ वर्षीय व्यक्तिले स्पोर्ट्स सेन्टरमा आफ्नो गाडी घुसाएका थिए । अधिकारीहरुले यसलाई गम्भीर हमला भनेका छन् । चिनियाँ सञ्चार माध्यमका अनुसार गाडी चलाउने व्यक्तिले भाग्ने कोसिस गरेका थिए, तर पक्राउ परेका छन् । उनले आफैंमाथि आक्रमण गरेकाले उनको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । अधिकारीहरुका अनुसार आरोपित व्यक्ति सम्बन्ध विच्छेदपछि सम्पत्ति बाँडफाँटको विषयलाई लिएर असन्तुष्ट थिए । त्यसैले उनले यो घटना गराएको हुनसक्ने आशंका छ । तर उनी कोमामा रहेकाले पुलिसले सोधपुछ गर्न सकेको छैन । *(स्रोतः अनलाईनखबर)*

## सन्तान गुमाएका अभिभावकले एन्फालाई ज्ञापनपत्र बुझायो

**समाज संवाददाता**

हेटौंडाः जिल्ला समन्वय समिति (जिसस) मकवानपुरका प्रमुख ललित बहादुर घलानले अखिल नेपाल फुटबल संघ (एन्फा) का अध्यक्ष पंकज बिक्रम नेम्वाङलाई ज्ञापनपत्र बुझाउनुभएको छ । सोमबार घलान सहितको टोलीले काठमाडौंको सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा अध्यक्ष पंकज बिक्रम नेम्वाङलाई ८ बुँदे माग सहितको ध्यानाकर्षणपत्र बुझाउनुभएको हो ।

गत असोज महिनाको ११ र १२ गतेको अविरल वर्षाका कारण कुलेखानी ड्याम भरिने र ड्याम्प खोल्न सक्ने आतंककाबीच एन्फा एकेडेमी तथा व्यवस्थापकको पूर्व तयारी बिना १२ गते बिहानको समयमा ड्याम खोलेको कारणले खोलाको सतह बढेर खेलाडीहरुलाई अर्को स्थानतर्फ लैजाने क्रममा पहिरोमा परेर एकेडेमीमा आवद्ध ६ किशोर खेलाडीको मृत्यु भएको थियो । मृतक किशोर खेलाडीका परिवारले ८ बुँदे मागसहित ध्यानाकर्षण गराएको छ ।

सबैलाई मान्य हुनेगरी उच्चस्तरीय छानबिन आयोग गठन गरेर दोषीलाई कडा कारबाही गर्नुपर्ने, मृतक खेलाडीहरुको स्मृतिमा खेल आयोजना गर्नका लागि अक्षयकोष स्थापना गरी कोषमा पर्याप्त रकमको व्यवस्था गर्नुपर्ने र एन्फा कम्प्लेक्स भवनको कम्पाउण्डभित्र मृतक खेलाडीहरुका प्रतिमा निर्माण गर्नुपर्ने माग ध्यानाकर्षणपत्र मार्फत माग गरिएको छ । मृत्यु भएका खेलाडीहरुको नाममा एन्फाको सुविधायुक्त फुटबल एकेडेमी बनाउनुपर्ने माग गरिएको छ । एन्फाबाट सञ्चालन हुने हरेक कार्यक्रमहरु लागि उपयुक्त पूर्वाधारहरु भएको भौगोलिक स्थान, स्वास्थ्य उपचारको व्यवस्था, सडक लगायतका सहज पहुँच हुनेगरी खेल क्षेत्रका विज्ञहरुको सल्लाह सुझाव र प्रतिवेदन तथा अन्तर्राष्ट्रिय मापदण्ड आधारमा संचालन गर्नुपर्ने माग राखिएको छ ।

मृतक किशोर खेलाडीहरुको स्मृतिमा प्रत्येक वर्ष राज्यको तर्फबाट राष्ट्रव्यापी फुटबल प्रतियोगिताहरु सञ्चालन गर्नुपर्ने, अविरल वर्षाको कारणले आएको बाढी पहिरोको कारणले मृत्यु हुने परिवारहरुका लागि उचित क्षतिपूर्तिको व्यवस्था गर्दै घाइतेहरुको उपचार र घरबारविहिन भएका परिवारहरुलाई पुनःस्थापना केन्द्रको व्यवस्था गर्नुपर्ने माग रहेको बताइएको छ ।

मकवानपुरको ईन्द्रसरोवर गाउँपालिका-३ मा एन्फाले एन्फा एकेडेमी सञ्चालन गरेको थियो । उक्त एकेडेमीका प्रशिक्षार्थी घलानका छोरा १४ वर्षीय अनुपम घलान, इन्द्रसरोवर गाउँपालिका-३ का १३ वर्षीय दिवस बानियाँ, मकवानपुरगढी गाउँपालिकाका साइमन योन्जन, धादिङ जिल्लाका प्रियन्स आचार्य तथा मधेश प्रदेशको बारा जिल्लाका विकल रेग्मी, सर्लाही जिल्लाको लालबन्दी नगरपालिका-१७ का आदित्य बलम्पाकीको पहिरोमा परी हुँदा खेलकुद जगतमा ठूलो चोट पुर्‍याएको भन्दै विज्ञप्ती मार्फत चिन्ता व्यक्त गरिएको छ । प्राधिकरण, एकेडेमी तथा व्यवस्थापन पक्षले पूर्व होशियारी नअपनाएको कारणले यस्तो दुखद् घटना भएको पीडित पक्षको भनाइ छ ।

## सचिव अभाव भएपछि अधिकृतलाई निमित्त दिइँदै



*मन्त्रिपरिषद्को निर्णय जानकारी गराउनुहुँदै मन्त्री लामिछाने ।*

**समाज संवाददाता**

हेटौंडाः बागमती प्रदेशको मन्त्रिपरिषद् बैठकले प्रदेशमा सचिव अभाव भएपछि निमित्त जिम्मेवारी दिने निर्णय गरेको छ । मंगलबार बसेको मन्त्री परिषद् बैठकले प्रदेशमा सचिवको रिक्त रहेका पदमा राजपत्रांकित प्रथम श्रेणीका अधिकृतहरुलाई निमित्त जिम्मेवारीमा खटाउने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार प्रदेशमा ७ जना सचिवको पद रिक्त रहेको छ ।

प्रदेशमा सचिव अभाव हुँदा मन्त्रिपरिषद् बैठक बस्न नै कठिन भएपछि युवा तथा खेलकुद मन्त्रालयका सचिव रुद्र लामिछानेलाई प्रशासन तथा बैठक महाशाखाको जिम्मेवारी तोकेको छ । उनलाई एक दिनका लागि उक्त जिम्मेवारी तोकिएको मन्त्री लामिछानेले बताउनुभयो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा दरवन्दी अनुसार ३ जना सचिवको पद रिक्त भएपछि बैठकले लामिछानेलाई थप जिम्मेवारी दिने निर्णय गरेको हो ।

बैठकले स्वास्थ्य मन्त्रालयका सचिव बद्रीबहादुर खड्काको अनिवार्य अवकास स्वीकृत गरेको छ । बैठकले प्रदेश सरकारको ७ वर्षे अवधिको आर्थिक अवस्था तथा योजना कार्यान्वयनको अध्ययन गर्न कार्यदल बनाउने निर्णय गरेको उहाँले जानकारी दिनुभयो । सो कार्यदलले ४ महिना भित्र प्रतिवेदन पेश गर्नेगरी स्वीकृति प्रदान गरिएको मन्त्री लामिछानेले बताउनुभयो ।

बैठकले सवारी साधन खरिद सम्बन्धी मापदण्ड संशोधन गर्ने निर्णय गरेको छ । बैठकले प्रदेश सरकारको सार्वजनिक खर्च मापदण्ड समेत संशोधन गरेको छ । बैठकले कोप-२९ मा प्रदेश सरकारको तर्फबाट सहभागी भएका वन तथा वातावरण मन्त्रालयका सचिवको भ्रमणलाई स्वीकृत गरेको छ । बैठकले प्रदेश महिला हकको व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने निर्णय गरेको छ । बैठकले विस्तारित शिक्षा तालिम इकाई व्यवस्थापन कार्यविधी स्वीकृत गरेको छ ।

### हेटौंडा उपमहानगरको निर्णय

## भेट्रान्स फुटबल प्रतियोगितालाई ५ लाख

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले हेटौंडा-७, नागस्वतीमा हुने राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिताका लागि ५ लाख रुपैयाँ सहयोग गर्ने भएको छ । सोमबार बसेको कार्यपालिका बैठकले नागस्वती भेट्रान्स क्लबको आयोजनामा मंसिर ४ गतेबाट हुने भेट्रान्स फुटबल प्रतियोगितालाई ५ लाख रुपैयाँ दिने निर्णय गरेको हो । यसअघि रोटरी क्लब अफ मकवानपुरले आयोजना गरेको भेट्रान्स फुटबललाई पनि उपमहानगरपालिकाले ५ लाख रुपैयाँ दिने निर्णय गरेको थियो ।

यस्तै कार्यपालिका बैठकले हेटौंडा-१८, हर्नामाडीस्थित गोरक्षनाथ माध्यमिक विद्यालयमा छात्रा शौचालय निर्माणका लागि १३ लाख ८४ हजार रुपैयाँ बजेट दिने निर्णय गरेको छ । कार्यपालिका बैठकले मनकामना चोकदेखि नगरपालिकारोड हुँदै लोकप्रिय चोकसम्म गमलासहितको सडक बत्ती जडान गर्ने प्रस्ताव अर्को बैठकमा राख्ने जनाएको छ । बैठकले हेटौंडा-१३ स्थित कालिका आधारभूत विद्यालयको लगत स्टिमेटसहित भवनका लागि बजेट उपलब्ध गराउने निर्णय गरेको छ ।

कार्यपालिका बैठकमा सहभागी एकजना वडाअध्यक्षका अनुसार प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई आएका ३ जना इन्जिनियरलाई पालिकामा नियुक्ति गर्ने, हेटौंडा-६ का अग्नि पीडित आत्माराम चौलागाईलाई कार्यविधिअनुसार आर्थिक सहयोग गर्ने निर्णय पनि गरिएको छ । कार्यपालिका बैठकका निर्णय भने उपमहानगरपालिकाले सार्वजनिक गरेको छैन । हेटौंडा उपमहानगरपालिकाले कार्यपालिका बैठकका निर्णयहरु सार्वजनिक गर्न आनाकानी गर्ने, केही निर्णय सार्वजनिक गर्ने केही सार्वजनिक नगर्ने गरेको छ ।

## ट्याङ्करको टायर पड्किँदा महमदको मृत्यु

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा-११, थानाभऱ्याङस्थित टायर मर्मत पसलका ट्याङ्करको टायर पड्किएर पसल सञ्चालकको मृत्यु भएको छ । सोमबार राती १ बजेको समयमा मधेश प्रदेश ०३-००२ ख ०३०० नम्बरको पेट्रोल लोड भएको ट्याङ्करको पन्चट भएको टायर खोलेर मर्मतपछि हावा भर्ने क्रममा टायर पड्किएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

घटनामा टायर पसलका संचालक छिमेकी मुलुक भारतको भोजपुरका ३४ वर्षीय महमद ऐजाजको मृत्यु भएको छ । टायर पड्किएर गम्भीर घाइते भएका महमदको उपचारको चितवन मेडिकल कलेजमा उपचारको क्रममा मृत्यु भएको हो ।

यस्तै टायर मर्मत पसलका कामदार पर्सा जिल्लाको धोबिनी गाउँपालिका-२ का १८ वर्षीय जाबिर हवारे, ट्याङ्कर चालक हेटौंडा-११, स्मारकका ३९ वर्षीय देवान लामा, हेटौंडा-११ नवलपुरका ४७ वर्षीय मोहनलाल दुलाल, सहचालक धादिङ जिल्लाको धुनिबेशी नगरपालिका-२, भञ्ज्याङपोखरीका २३ वर्षीय उत्तम बस्नेत, धादिङ जिल्लाकै थाक्रे गाउँपालिका-८ का ३८ वर्षीय लक्ष्मण थापा घाइते भएका छन् । घाइते सबैलाई उपचारका लागि चुरेहिल अस्पताल लगिएको थियो ।

गम्भीर घाइते महमदलाई थप उपचारका लागि चितवन मेडिकल कलेज भरतपुर लगिएको थियो । डाक्टरले मंगलबार बिहान ४ बजेर १६ मिनेटको समयमा महमदलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ । ट्याङ्कर चालक लामाको चुरेहिल अस्पतालमा उपचार भइरहेको र अन्य घाइते डिस्चार्ज भएको प्रहरीले जनाएको छ ।

### बागमतीमा बढ्यो मन्त्रालय

## बिना विभागीय मन्त्रीले पनि जिम्मेवारी पाउने

**समाज संवाददाता**

हेटौंडाः बागमती प्रदेश सरकारले मन्त्रालयको संख्या बढाएको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेशमा रहेको मन्त्रालयको संख्या बढाएर १४ पुर्‍याएको छ ।

मन्त्रिपरिषद् बैठकले मन्त्रालयको संख्या थप गरी मन्त्रिपरिषद्को कार्यविभाजन स्विकृत गरेको सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिनुभएको छ । उहाँका अनुसार बैठकले प्रदेशमा सहकारी तथा गरिबी निवारण मन्त्रालय खडा गर्ने निर्णय गरेको छ । उक्त कार्यविभाजन अनुसार मन्त्रीको जिम्मेवारी भने नतोकिएको उहाँले जानकारी दिनुभयो । मुख्यमन्त्री बहादुर सिंह लामाले कार्यविभाजन अनुसार सो मन्त्रालयमा मन्त्रीको जिम्मेवारी तोक्ने उहाँले बताउनुभयो ।

बहादुर सिंह लामा नेतृत्वको बागमती प्रदेश सरकारमा ११० दिनदेखि एक जना बिना विभागीय मन्त्री रहनुभएको छ । साउन ९ गते मुख्यमन्त्री लामाले नियुक्त गर्नुभएका एक मन्त्रीले जिम्मेवारी पाउन सकेको छैन । साउन १२ मा सरकारलाई पूर्णता दिएर साउन १५ मा विश्वासको मत लिनुहुँदै सरकार सुरक्षित गर्नुभएका मुख्यमन्त्री लामाले प्रदेशको १३ मन्त्रालयमा कांग्रेसका ७ र एमालेका ६ मन्त्री नियुक्त गर्नुभएको थियो । जसमा कांग्रेसका मदुकुमार श्रेष्ठले जिम्मेवारी पाउन सक्नुभएको थिएन । मन्त्रालयको संख्या बढाएसँगै श्रेष्ठले पनि विभागीय जिम्मेवारी पाउनुहुने भएको छ ।

## बोम्जनलाई आक्रमण गर्ने एकजना पक्राउ

**समाज संवाददाता**

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकाका शिक्षक प्रेम बहादुर बोम्जनलाई आक्रमण गरेको अभियोगमा प्रहरीले एकजनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रवक्ता प्रहरी नायव उपरीक्षक अनिल कुमार खड्काले घटनामा संलग्न भएको अभियोगमा पक्राउ परेका ३० वर्षीय पुरुषले घटनामा आफ्नो संलग्नता स्वीकार गरेको जानकारी दिनुभयो ।

प्रारम्भिक अनुसन्धानका क्रममा लुटपाट गर्ने उद्देश्यले बोम्जनमाथि आक्रमण गर्ने तीन जनाको समूहमध्ये एक जना भारतीय नागरिक भएको बुझिएको प्रवक्ता खड्काले बताउनुभयो । सिन्धुली र सर्लाही जिल्लाको सिमानामा पर्ने जंगल क्षेत्रमा लुकेर लुटपाट गर्ने प्रयासमा रहेको समूह ट्याक्टर र मोटरसाइकल आएको आवाज सुनेपछि बोम्जनमाथि बन्दुक प्रहार गरी फरार भएका थिए । तीन जनाको समूहले आइतबार बोम्जन र उहाँका भाइ दिलबहादुर बोम्जनमाथि आक्रमण गरेका थिए ।

फरार मध्ये एकजनालाई सर्लाही प्रहरीले सर्लाही जिल्लाको बागमती गाउँपालिका-१२, बथानटोलबाट आइतबार दिउँसो २ बजेर ५६ मिनेटमा पक्राउ गरेको जनाएको छ । प्रहरीले प्रत्यक्षदर्शीको सूचनाका आधारमा शंकास्पद अवस्थामा उनलाई पक्राउ गरेको थियो । सर्लाही प्रहरीले नियन्त्रणमा लिएका अभियुक्तलाई प्रहरीले जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा लगेर सिन्धुली जिल्ला अदालतबाट ५ दिनको म्याद थप गरी अनुसन्धान जारी राखेको जनाएको छ । फरार रहेका २ जना मध्ये एकजना भारतीय नागरिक र अर्का एकजना सिन्धुली जिल्लाकै भएको प्रहरी नायव उपरीक्षक खड्काले बताउनुभयो । लुटेरा समूहको आक्रमणमा परी घाइते भएका शिक्षक बोम्जनको काठमाडौंमा उपचार भइरहेको छ । सोमबार बोम्जनको शल्यक्रिया गरिएको छ । बोम्जनको स्वास्थ्य अवस्था खतरामुक्त रहेको बताइएको छ ।

## बोलेरोको ठक्करबाट बालिकाको मृत्यु

**समाज संवाददाता**

हेटौंडाः धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका-३, डार्केफाँटमा बोलेरोको ठक्करबाट एक बालिकाको मृत्यु भएको छ । सोमबार दिउँसो १ बजेर ४५ मिनेटको समयमा ताल्तीबाट मलेखुतर्फ आउँदै गरेको बा २० च १९९९ नम्बरको बोलेरोले ठक्कर दिँदा २ जना घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बोलेरोको ठक्करबाट रोराङ गाउँपालिका-२ बस्ने १७ वर्षीया प्रशंसा मिजार र १९ वर्षीया अनिषा मिजार घाइते भएका थिए । घाइते दुवैलाई उपचारका लागि शिक्षण अस्पताल मलेखु लगिएकोमा दिउँसो २ बजेर ५ मिनेटको समयमा अनिषालाई डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । घाइते प्रशंसालाई काठमाडौंस्थित बिएण्डबि अस्पताल रिफर गरिएको छ ।

दुवै जना बालिका रोराङ गाउँपालिका-३ रिचोकटार स्थित बागेशवरी माध्यामिक विद्यालयको कक्षा ९ मा अध्ययनरत विद्यार्थी हुन् । बोलेरो चालक ४० वर्षीय गोपि बहादुर ठकुरीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

रेडियो निकास ९३.४ The Voice of Community

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

## सम्पादकीय

# निर्वाचनले बढाएको मतदाता

सरकारले आगामी मंसिर १६ गतेका लागि वडा, पालिका, प्रदेश र संघीय प्रतिनिधि सभामा रिक्त रहेका स्थानमा उपनिर्वाचन गर्दैछ । सोही क्रममा मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१२ मा पनि निर्वाचन हुँदैछ । २०७९ सालको निर्वाचनमा निर्वाचित हेटौंडा-१२ का अध्यक्ष ललित बहादुर घलान जिल्ला समन्वय समिति मकवानपुरको प्रमुखमा निर्वाचित हुनुभएपछि रिक्त रहँदै आएको छ । जिल्लाका १०२ वटा वडामध्ये एउटा मात्रै वडामा निर्वाचन हुँदै गर्दा सबैको ध्यान हेटौंडा-१२ मा केन्द्रित छ । वडामा निर्वाचनको प्रक्रिया सुरु हुनुअघि देखि नै दलहरुले आआफ्नो तर्फबाट अनुकुल वातावरण बनाउने प्रयास गरेका छन् ।

आगामी मंसिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनमा हेटौंडा-१२ मा १ हजार ५ सय ८८ मतदाता थपिएका छन् । २०७९ सालको स्थानीय तहको निर्वाचनको तुलनामा १ हजार ५ सय ८८ मतदाता थपिएका हुन् । निर्वाचन आयोगले आगामी उपनिर्वाचनमा हेटौंडा-१२ को वडा अध्यक्ष पदका लागि ८ हजार ५३ मतदाता कायम गरेको छ । जसमा पुरुष ३ हजार ८ सय ७८, महिला ४ हजार १ सय ७४ र अन्य १ जना मतदाता कायम गरिएको छ । २०७९ सालको स्थानीय तह निर्वाचनमा उक्त वडामा ६ हजार ४ सय ६५ मतदाता कायम गरिएको थियो । एउटा वडामा अघिल्लो निर्वाचनको ३ वर्ष हुँदै गर्दा एक हजार पाँचसय ८८ जना मतदाता थपिनु सामान्य विषय होइन ।

निर्वाचन कार्यतालिकाअनुसार यही कात्तिक ३० मा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना हुनेछ भने मंसिर २ बाट निर्वाचनका कार्यक्रम संचालन गरिने छ । निर्वाचनमा दलहरुले उम्मेदवार तोकेर चुनावी अभियानमा अघि बढेका छन् । उम्मेदवार र दलका नेता, कार्यकर्ता घरदैलोमा हिँडिसकेका छन् । निर्वाचनको कार्यतालिका सार्वजनिक हुनुअघि नै दलहरुले आआफ्नो तर्फबाट तयारीलाई व्यापक बनाएको छ । निर्वाचनमा मतको मूल्य बुझेका दलले मतदाताको मन जित्ने भन्दा पनि मतकै संख्या बढाउन आफ्ना समर्थक, शुभेच्छुकको सहयोगमा बसाईसराई गरी आएको बहानामा मतदाता सूचिमा संख्या बढेको देखिन्छ । निर्वाचनमा मत महत्वपूर्ण विषय हो । तर, राजनीतिक दलले जिम्मेवार भएर जनताको मन जित्ने भन्दा मतको खेलमा अनुशासनहिन बन्नु जायज हुन्न ।

आजको आधुनिक सूचना प्रविधिको युगमा हामीले आफ्नो सकारात्मक चरित्रलाई बेवास्ता गर्दै जंक फुडको शैलीमा मतदाताको संख्या मात्रै बढाउन अग्रसर हुनु स्वभाविक हुनै सक्दैन । मतदातालाई उम्मेदवार र उम्मेदवार सम्वद्ध दलले लोकप्रिय योजना तथा कार्यक्रम प्रस्ताव गरेर मत जित्नुपर्ने आवश्यकतालाई बुझ्न ढिलाई गर्नुहुन्न । जनताको मन जितेर मत माग्ने स्थितिको विकास गर्नु जरुरी छ । जसले असल राजनीतिक संस्कारको विकास हुनुका साथै वास्तविक उम्मेदवार छनोट गर्न पनि मद्दत पुग्नेछ । यसले समग्रमा मकवानपुर जिल्ला र सबै पालिकाबीच नियमित सौहार्द्रता अभिवृद्धिमा समेत सहयोग पुग्ने छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

- **मेष** : बन्दव्यापार र कारोबारमा वृद्धि हुने समय छ ।
- **वृष** : सामाजिक उत्तरदायित्व बढ्ने समय योग छ ।
- **मिथुन** : व्यापार–व्यवसाय मध्यमकारक रहेको देखिन्छ ।
- **कर्कट** : यात्रामा सरिक भई रमाइलो हुने समय छ ।
- **सिंह** : आवश्यक यात्रामा घरबाहिर जाने समय योग छ ।
- **कन्या** : धार्मिक एवम् सामाजिक कार्यको दायित्व बढ्ला ।
- **तुला** : कार्य प्राप्ति तर्फ ढल्कने अवसर प्राप्त हुनेछ ।
- **वृश्चिक** : व्यापार व्यवसाय मध्यमकारक रहने छ ।
- **धनु** : अचानक मित्र मिलन प्राप्त हुने योग छ ।
- **मकर** : अध्ययन–अध्यापनका कामहरु मध्यमकारक छन् ।
- **कुम्भ** : कामको चापले सबैलाई सन्तुष्टि नहोला ।
- **मीन** : सामाजिक एवम् धार्मिक काममा सरिक भइने छ ।

# बढ्दो उपभोग संस्कृति, कमजोर बजार अनुगमन

**चाडपर्वलाई लक्षित गरेर बजार अनुगमनको नाटक गरिए पनि त्यस्तो अनुगमन प्रभावकारी र उपलब्धिमूलक भने पटक्कै हुन सकेको छैन । बजार अनुगमनलाई प्रभावकारी बनाउन र त्यसलाई नियमित बनाउन नसक्दा बजार अनुगमनको औचित्यमा सधैं प्रश्नचिह्न लाग्दै आएको छ ।**






✍रत्न प्रजापति

नेपालीहरूका महान् चाड दसैं, तिहार र छठ हुन् । यी चाडमा घरदेखि टाढा रहेका आफन्तहरू पनि घर फर्कन्छन् र सँगै बसेर रमाइलो गरी चाड मनाउँछन् । आफन्तको मिलन गराउने र सामाजिक सम्बन्धलाई प्रगाढ बनाउने हुँदा यस्ता चाडपर्वको सामाजिक पक्षको महत्व अत्यन्तै ठूलो रहिआएको छ । यससँगसँगै ठूला चाडपर्वले उपभोक्ता बजारमार्फत अर्थतन्त्रलाई समेत चलायमान बनाउने गर्छ । बजारमा ठूलो परिमाणमा नगद प्रवाह हुन्छ । घरघरमा थुप्रिएको नगद पनि ठूला चाडपर्वकै बेला बजारमा प्रवाह हुने हुँदा यसले अर्थतन्त्रलाई चलायमान बनाउन निकै ठूलो मद्दत गर्छ । यसो हुँदा आर्थिक दृष्टिकोणले पनि ठूला चाडपर्वको अत्यन्तै महत्व रहेको पाइन्छ ।

ठूलो संख्यामा नेपाली कामदार कामका लागि बिदेसिएका छन् । ठूला चाडपर्वका बेला तिनले आफ्नो कमाइ परिवारको गर्जो टार्न पठाउने गर्छन् । चाडपर्वकै बेला एकै पटक ठूलो संख्याका कामदारले आफ्नो कमाइको ठूलो अंश घरपरिवारलाई पठाउने हुँदा दसैं, तिहार र छठजस्ता ठूला चाडपर्वको बेला रेमिटेन्स आप्रवाहमा पनि अरू बेलाको तुलनामा धेरै वृद्धि हुने गरेको अनुभव छ । गत आर्थिक वर्ष २०८०-८१ को भदौ महिनामा १ खर्ब १२ अर्ब ३५ करोड रुपैयाँ रेमिटेन्स आप्रवाह भएकोमा असोजमा १ खर्ब ३६ अर्ब ९७ करोड रेमिटेन्स आप्रवाह भएको देखिन्छ ।

पछिल्लो जीवनस्तर सर्वेक्षणअनुसार नेपालका ६६ लाख ६० हजार ८ सय ४१ घरपरिवारमध्ये ७६.८ प्रतिशतले रेमिटेन्स प्राप्त गर्छन् । एक दशकअघि यसरी रेमिटेन्स प्राप्त गर्ने घरपरिवारको संख्या ५५.८ प्रतिशत थियो । बिदेसिने कामदारको संख्यामा वृद्धि भएसँगै बढेको रेमिटेन्सले नेपाली समाजमा उपभोग संस्कृतिलाई बढावा दिएको छ । यतिसम्म कि उत्पादक किसानलाई पनि उपभोक्तामा सीमित गरेको छ । यसो हुँदा दसैं, तिहार र छठजस्ता ठूला चाडपर्वमा रेमिटेन्स आप्रवाह बढेसँगै नेपाली उपभोक्तामा खर्च गर्ने प्रवृत्ति पनि बढेको छ । चौथो जीवनस्तर सर्वेक्षण प्रतिवेदनअनुसार प्राप्त रेमिटेन्सको ७२.४ प्रतिशत दैनिक उपभोगमा खर्च हुने गरेको छ भने १.२ प्रतिशतमात्रै पुँजी निर्माण अर्थात् उत्पादनमूलक कार्यमा खर्च हुने गरेको छ ।

रेमिटेन्सको बढी हिस्सा उपभोग्य वस्तुमा खर्च हुने हुँदा बजारलाई चलायमान बनाउनमा रेमिटेन्सको योगदान उच्च रहिआएको छ । तर, नियमित बजार अनुगमन हुन नसक्दा नेपाली उपभोक्ता व्यवसायीहरूबाट निरन्तर ठगिएका छन् । वस्तुको मूल्य, परिमाण, गुणस्तर र स्वच्छतामा उपभोक्ता ठगिने क्रम दसैं, तिहार र छठजस्ता ठूला चाडपर्वमा अझ बढ्ने गर्छ । कृत्रिम अभाव सिर्जना गरेर उपभोक्तामा त्रास फैलाउने र कृत्रिम मूल्यवृद्धि गरेर उपभोक्ता ठग्ने काम व्यवसायीहरूले निरन्तर गर्दै आएका छन् । बजारमा उपभोक्ताको भीड र वस्तुको मागलाई व्यवसायीले आफ्नो बढी नाफा आर्जन गर्ने अवसरको रूपमा उपयोग गर्छन् । वस्तुको मूल्य, परिमाण, गुणस्तर र स्वच्छतामा खेलबाड गरेर उपभोक्तालाई आर्थिक शोषण गर्नुका साथै स्वास्थ्यमा समेत नकारात्मक असर पार्ने काम ठूला चाडपर्वकै अवसरमा व्यवसायीबाट हुने गरेको छ ।

नेपालीहरूको महान् चाड दसैं, तिहार र छठ भर्खरै सकिएको छ । दसैं, तिहार र छठकै अवसरमा बजारमा विशेष गरी दैनिक अत्यावश्यक उपभोग्य वस्तुको कृत्रिम अभाव सिर्जना भएको र आमउपभोक्ताले मूल्यवृद्धिको मार खेप्नुपरेको अनुभव छ । यस्तो अवस्थामा पनि सरकारी तवरबाट आमउपभोक्तालाई आश्वस्त पार्ने कुनै प्रयास भएको देखिएन । दसैंअघि र पछि तथा तिहार र छठको बेलामा पनि खासै प्रभावकारी बजार अनुगमन भएको देखिएन । सरकारले असोज ४ गतेदेखि नै वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको नेतृत्वमा दसैं, तिहार र छठजस्ता चाडपर्वलक्षित संयुक्त रूपमा बजार अनुगमन गर्ने बताए पनि त्यसको प्रभाव आमउपभोक्ताले अनुभव गर्न पाएनन् । बजारमा प्रभावकारी रूपमा अनुगमन भएको महसुस भएन । खाद्यवस्तुमा अखाद्य वस्तुको मिसावट भएको, कृत्रिम मूल्यवृद्धि भएको र वस्तुको अभावसमेत सिर्जना भएको जस्ता समाचार अखबारहरूमा आए । यसैबाट सरकारी निकायबाट हुनुपर्ने प्रभावकारी बजार अनुगमन त्यस रूपमा नभएको पुष्टि हुन्छ ।

बजार अनुगमनसँगै जोडेर हेर्न सकिने अर्को एउटा विषय हो, पटकाजन्य वस्तुको आयात र प्रयोग । तिहारका बेला पटका पड्काउने आयातित संस्कृतिले सर्वसाधारणलाई निकै पिरोल्ने गरेको छ । पटका पड्काउँदाको चर्को आवाजले वातावरणीय शान्ति खलबलिनुका साथै मान्छेको स्वास्थ्यमा समेत असर पर्नेदेखि आगजनीका घटनासमेत हुने गरेका छन् । यसै तथ्यलाई ध्यानमा राख्दै गृह प्रशासनले पटकाजन्य वस्तु आयातमा प्रतिबन्ध लगाइएको जानकारी पनि सार्वजनिक गर्ने गरेको छ । तर, व्यवसायीले यस्तो प्रतिबन्धको बेवास्ता गर्दै पटकाजन्य वस्तु निर्वाध रूपमा आयात गरिरहेका छन् र निर्वाध रूपमा त्यसको प्रयोग पनि भइरहेको छ । यसो त यो वर्ष तिहारलाई लक्षित गरी नेपाल प्रहरीले देशभर ४८ हजारभन्दा बढी सुरक्षाकर्मी खटाएको भने पनि पटका पड्काउने क्रम भने रोकिएन । अनुगमनकारी निकायको कमजोरीको परिणाम सर्वसाधारण नागरिकले भोग्नुपरेको छ ।

यसो त स्वच्छ र प्रतिस्पर्धात्मक बजार कायम गरी उपभोक्ताको हित संरक्षणका लागि वस्तु वा सेवाको आपूर्ति, मूल्य, गुणस्तर, शुद्धता र परिमाणलगायतका विषयमा अनुगमन तथा निरीक्षण कार्यलाई व्यवस्थित गर्ने उद्देश्यले बजार अनुगमन निर्देशिका, २०७९ जारी गरिएको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यस्तो निर्देशिका बनाई लागू गरेको हो । साथै, स्थानीय तहबाट पनि छुट्टै बजार अनुगमन निर्देशिका तयार गरी सोहीअनुरूप बजार अनुगमन गर्ने व्यवस्था पनि गरिएको छ । तर, निर्देशिकाले निर्देशित गरेका निर्देशनको उचित कार्यान्वयन नहुँदा बजारमा व्यवसायीको दादागिरी र मनपरीतन्त्र कायम छ र आमउपभोक्ता वस्तुको मूल्य, परिमाण, गुणस्तर र स्वच्छतालगायतमा ठगिन विवश छन् ।

कानुनले तोकेभन्दा बढी मुनाफा लिनु, कम तौलका सामान बिक्री गर्नु र गुणस्तर कायम नगर्नुजस्ता सीधै ठगीका काम व्यवसायीहरूले गर्दै आएका छन् । कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ अनुसार २० प्रतिशतभन्दा बढी नाफा लिन नपाइने र जम्माखोरी तथा कृत्रिम अभाव सिर्जना गर्न नपाइने कानुनी व्यवस्थालाई व्यवसायीहरुले उल्लंघन गर्दै आएका छन् ।

चाडपर्वलाई लक्षित गरेर बजार अनुगमनको नाटक गरिए पनि त्यस्तो अनुगमन प्रभावकारी र उपलब्धिमूलक भने पटक्कै हुन सकेको छैन । बजार अनुगमनलाई प्रभावकारी बनाउन र त्यसलाई नियमित बनाउन नसक्दा बजार अनुगमनको औचित्यमा सधैं प्रश्नचिह्न लाग्दै आएको छ । बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाई आमउपभोक्तालाई राहत दिनुभन्दा चाडपर्वका बेला खर्च उठाउने मनसायले प्रेरित भएर त्यस्तो अनुगमन गर्ने प्रवृत्तिले न अनुगमन प्रभावकारी हुन सकेको छ, न त त्यसले बजारमा हुँदै आएको बेथिति नियन्त्रण गर्न सकेको छ ।

चाडपर्वका बेला मात्रै अप्रत्याशित रुपमा हुने बजार अनुगमनले व्यवसायीलाई आतंकित पार्ने गरेको छ । तर, त्यस्तो अनुगमनले न आमउपभोक्तालाई राहत दिन सकेको छ, न त बजारको अराजकता र छाडापन नै रोकिएको छ । व्यवसायीलाई आतंकित पारेर व्यक्तिगत लाभ हासिल गर्ने उद्देश्यले हुने बजार अनुगमनले अनुगमनकर्ता लाभान्वित भए पनि आमउपभोक्ता र राज्य लाभान्वित हुन सकेको छैन । जसले गर्दा बजार अनुगमनको नाउँमा सिर्जना गरिने आतंकबाट आतंकित व्यवसायी र सरकारबीच टकरावको स्थिति पनि उत्पन्न हुने गरेको छ । यही स्थितिका कारण व्यवसायीले बजार अनुगमनको विरोधसमेत गर्ने गरेका छन् ।


विगतमा बजार अनुगमनले व्यवसायीलाई आतंकित पारेको भन्दै बजार अनुगमन बन्द गर्न सरकारलाई दबाब दिने काम पनि भएको थियो । व्यवसायीहरूको संगठित संघसंस्थाले सरकारलाई बजार अनुगमन बन्द गर्न अथवा बजार अनुगमन नगर्न समय-समयमा दबाब पनि दिँदै आएका छन् । विगतमा यस्तै अनुगमनबाट असन्तुष्ट व्यवसायीले तत्कालीन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीलाई भेटेरै बजार अनुगमन नगर्न दबाब दिएका थिए । व्यवसायीहरूको दबाबमा तत्कालका लागि बजार अनुगमन स्थगित गर्न आपूर्ति विभागलाई निर्देशन पनि दिइएको थियो । यद्यपि, यस्तो निर्देशन प्रत्यक्ष रूपमा व्यवसायीलाई अनुकूल हुने गरी आएको देखिन्छ ।

बजार अनुगमनले केही हदसम्म व्यवसायीको अराजकता र छाडा बजारलाई नियन्त्रण गर्न सघाउ पुऱ्याएको अवस्थामा आमउपभोक्ता ठग्ने व्यवसायीकै हित हुने गरी बजार अनुगमन स्थगित गर्न निर्देशन जारी हुनु आमउपभोक्ताको दुर्भाग्य हो भन्नुपर्छ । व्यवसायी र सरकारबीचको साँठगाँठले व्यवसायी लाभान्वित हुने र उपभोक्ता ठगिने स्थितिको अन्त्य कहिल्यै हुन सक्दैन । उपभोक्ता निरीह हुनु र व्यवसायी प्रभावशाली हुनुले सरकार व्यवसायीबाट प्रभावित हुने र व्यवसायीकै हितअनुकूलको निर्णय गर्ने तर आमउपभोक्ताको हितलाई लत्याउने प्रवृत्ति विगतमा थियो र अहिले पनि छ । आमउपभोक्ता ठगिनुपर्ने स्थितिको अन्त्य गर्न व्यवसायी र सरकारबीचको साँठगाँठ तोडिनु आवश्यक छ ।

ऐनमौकामा उपभोक्ताको हितमा आवाज उठाउँदै सडकमा ओर्लिने उपभोक्ता हित संरक्षण हेतु स्थापित विभिन्न संघसंस्था, विशेष गरी उपभोक्ता हित संरक्षण मञ्चलगायतका संघसंस्थाहरू पनि बजार अनुगमनको आवश्यकता परेकै बेलामा मौन वा निष्क्रिय बस्नुले उनीहरूको नियतमाथि नै शंका उत्पन्न हुन्छ । आमउपभोक्ताको हितका लागि स्थापित संघसंस्था आफ्नो स्वार्थअनुकूल परिचालित हुनु शोभनीय होइन ।

ठूला चाडपर्व सकिएका छन् । अब बजार अनुगमनको आवश्यकता देख्दैन र बजार अनुगमन पनि गर्दैन सरकारले । त्यसैले उपभोक्ता ठगिने क्रम निरन्तर चलिरहन्छ । यतिखेर सरकार सत्ताको बचाउमा केन्द्रित छ । नेताहरु कुर्सीको बचाउमा केन्द्रित छन् । अनि आमउपभोक्ताको हक र अधिकारको संरक्षण गर्ने जिम्मेवारी बोकेर बसेका सरकारी निकायका पदाधिकारीहरू पनि तिनै नेता र सत्ताको चाकरीमै व्यस्त छन् । यस्तो अवस्थामा आमउपभोक्ताले ठगिनुको कुनै विकल्प देखिँदैन । *(स्रोत: कारोबारदैनिक)*

## चित्रकला







**प्रशन्न ढकाल**
**कक्षा-४, नवोदय शिसु सदन,**
**हेटौंडा-४**



**रौनक केबि**
**कक्षा-३, जीएस निकेतन**
**हेटौंडा-५**








**सुयोग श्रेष्ठ**
**कक्षा-५, ब्रम्हदिक् एकेडेमी**
**हेटौंडा-४**

# भाइबहिनीका किताब




**सानो छहारी**
**लेखकः यशु श्रेष्ठ**
**चित्रः देव कोइमी**
**प्रकाशकः खोजी प्रकाशन**
**मूल्यः रु. २५०/-**
**उमेर समूहः ८ वर्षदेखि १२ वर्ष**

तपाईंको घरमा कुन-कुन फलफूलका बोट छन् ? के तपाईंलाई ती फलफूलका बोटको माया लाग्छ ? हामीलाई घरमा पालिएका कुकुर, बिरालोजस्ता जनावरको जस्तै कतिपय मानिसलाई आफ्नो बगैंचाको फूल र बोटबिरुवाको पनि माया लाग्छ।

'सानो छहारी' भित्रको कथामा एकजना 'आमबोटे बा' हुनुहुन्छ। आफ्नो घरअगाडि ठूलो आँपको रुख भएकोले उहाँको नामै 'आमबोटे बा' भएको रे । तर जब एकदिन आमबोटे बाले आफ्नो नाम राख्ने त्यही आँपको बोट काट्ने निधो गर्छन्, आमबोटे आमा र उहाँकी नातिनीलाई निकै नरमाइलो लाग्छ । घरका सबैले आँपको बोट नकाट्न अनुरोध गरेपछि आमबोटे बाले के गर्छन् होला ? त्यो आँपको बोट किन काट्ने निर्णय भएको थियो होला ? सबै थाहा पाउन त सानो छहारी पढ्नै पर्छ।

भाइबहिनीका लागि निकै राम्राराम्रा कथा लेख्न सिपालु लेखक यशु श्रेष्ठको यो किताब पनि निकै सुन्दर छ। त्यसमाथि चित्रकार देव कोइमीका चित्रहरुले किताबलाई अझै सुन्दर बनाएको छ । भाइबहिनीलाई प्रकृतिलाई माया गर्नुपर्छ भन्ने कुरालाई बुझाउने यो पुस्तक भाइबहिनीलाई मनपर्ने अध्याय पुस्तकको शैलीमा तयार पारिएको छ । छोटाछोटा अध्यायहरुमा विभाजित गरिएको यो किताब ४ कक्षादेखि ७ कक्षासम्म पढ्ने भाइबहिनीका लागि रोचक एवम् ज्ञानबर्द्धक पनि छ। खोजी प्रकाशनले भाइबहिनीका लागि प्रकाशित गरेको यो किताब २५०/- रुपैयाँमा उपलब्ध छ । हेटौंडाका भाइबहिनीले भैरवरोडमा रहेको किताबघर बाट यो किताब प्राप्त गर्न सक्नुहुनेछ।

# विद्यार्थी परिचय



**रमन तिमल्सिना**

रमन बकैया गाउँपालिका वडा नम्बर ७ मा बस्नुहुन्छ। रमन बकैया ७ स्थित भिजन एकेडेमी विद्यालयमा पढ्नुहुन्छ। रमन ५ कक्षामा पढ्नुहुन्छ। रमनको घरमा हजुरआमा,आमा बुबा दुई दिदी भाइ र रमन हुनुहुन्छ । रमनको दिदीहरू हेटौंडा बसेर पढ्दै हुनुहुन्छ।

रमनको आमाबुबा कृषक हुनुहुन्छ। रमन भाइसँग खेलेर बस्नुहुन्छ। रमनलाई नाच्न मनपर्छ । ठुलो भएपछि डान्सर बन्ने सपना लिएर रमन अघि बढ्नुभएको छ। रमनको पढाइ पनि राम्रो छ। रमन घरको ससानो कामहरु पनि सघाउने गर्नुहुन्छ। रमन गाउँमा साथीभाइहरुसँग खेल्न रुचाउनुहुन्छ।

रमनलाई मनपर्ने विषय सामाजिक हो । रमनलाई आफ्नो विद्यालय धेरै मनपर्छ । रमन विद्यालयमा पनि साथीहरूसँग खेल्न धेरै रुचाउनुहुन्छ। रमन अतिरिक्त क्रियाकलापहरूमा पनि भाग लिने गर्नुहुन्छ।

## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**

**सम्पादक**

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।


थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# आविष्कारक बन्न प्रेरित गर्ने 'टाइम मेसिन'

**पुस्तक समीक्षा**



**✍तृषा लामा**

मैले पढेको पुस्तकको नाम 'टाइम मेसिन' हो। यस पुस्तकको लेखकको नाम मैलिही तगटान हो। यो पुस्तक मझौला आकारको छ। यस पुस्तकको गाता- -चित्रमा मेसिनहरुको चित्र र आविष्कारहरुको चित्र देखाइएको छ । यो पुस्तक १६८ पेजको छ। यो पुस्तक कथालय नेपालले प्रकाशक गरिएको र यसको आइएसबिएन नं ९७८-९९३७-७३७-७०-८ हो ।

यस पुस्तकको कथावस्तु चै मुख्य पात्रले हामीलाई उसको आविष्कारको जीवन बारे बताइएको छ । जसमा आविष्कारकका मुख्य गुणहरू बुझाइएका छ। जस्तैः कुनै पनि अविष्कारकमा हुनुपर्ने पहिलो मुख्य गुण सन्देहशीलता हो । आविष्कारकमा कुनै खास कुरामा होइन परन्तु हरेक कुरामा सन्देह हुनुपर्छ। यदि सन्देहशील छैन भने तपाई उसलाई आविष्कारक भन्न सक्नुहुन्न । त्यसपछि मुख्य पात्रले विभिन्न आविष्कार गरेको छ।

यस कथामा भएका पात्रहरू:- आमा, बाबा, हजुरआमा, बहिनी, तास्किन र म। यस कथाको मुख्य पात्र एकदम अल्छी स्वभावको छ र अलि छुकछुके पनि छ। यहाँको मुख्य पात्र एउटा अविष्कारक हुन्छ र दृष्टिविहिन भएपनि खोज्नका लागि रूचि एकदमै देखाउने स्वभावको छ। यस कथामा आएका ठाउँहरु सबै घरका ठाउँहरु छन् र कुनै कुनै बारी तथा खेतको अथवा साथीको घरको देखिएको छ। एउटा चौतारा पनि देखाइएको छ । यस कथाले हामीलाई अल्छी गर्नुहुँदैन । आविष्कार गर्नुछ भने एकचोटीमा जवाफ नआएमा अर्को प्रयास गर्नुपर्छ भन्ने सन्देश दिएको छ।

यस पुस्तकभित्र प्रयोग भएका भाषा पढ्न शुद्ध र सजिलो छ। तर कुनै शब्द पढ्न अलि अप्ठ्यारो भएको थियो। यस पुस्तकको शीर्षक वा कथावस्तु टाइम मेसिन हो र कथावस्तुरमा मुख्य पात्रले उसको गल्ती सुधार्नका लागि टाइम मेसिन बनाएको थियो। मलाई यो पुस्तक एकदमै राम्रो लाग्यो र पढ्न पनि रमाइलो छ। यसले हामीलाई धेरै कुरा सिकायो र आविष्कारक बन्नका लागि गुण पनि बताइएको छ।

*कक्षा-६, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# हरिबोधनी एकादशी



**✍आशिका ढकाल**

हरिबोधनी एकादशी वर्षमा पर्ने चौबीस वटा एकादशी मध्ये सबैभन्दा ठूलो एवम् महत्वपूर्ण एकादशी हो । त्यसैले यसलाई ठूलो एकादशी पनि भनिन्छ । हिन्दु धर्ममा एकादशीलाई भगवान् विष्णुको उपासना गर्ने पर्वको रूपमा लिइन्छ। आषाढ शुक्ल एकादशीको दिन क्षीर सागरमा सुत्नुभएका भगवान विष्णु आजैको दिन उठ्नुहुने मतलब ठूलो एकादशीको दिन उठ्नुहुने पुराणहरूमा उल्लेख गरिएको छ। यस कारण पनि यस दिनलाई हरिबोधनी एकादशी भन्ने विश्वास गरिन्छ।

भविष्योत्तर पुराण अन्य एकादशीमा भन्दा ठूलो एकादशीमा गरिने भगवान् विष्णुको उपासना बढी फलदायी हुने कुरा उल्लेख गरिएको पाइन्छ। यस दिन गरिने स्नान, दान, ताप, आदि सबै कार्य अक्षय फलदायी हुने कुरा भगवान् कृष्णले युधिष्ठिरलाई बताएका छन् । हरिबोधनी एकादशीका वैकल्पिक नामः-देव उठान एकादशी, ठूलो एकादेश, हरिबोधनी एकादशी र तुलसी विवाह हुन् । यस मुख्य दिनमा तुलसीको पुजा, तुलसीको मठ सजावट, व्रत, कन्दमुल उसिनेर खाने जस्ता परिपालन गरिन्छ।

भगवानको अनुग्रह प्राप्त गर्नका लागि विशेष अभ्यासको आवश्यकता हुन्छ । यो त्यति सजिलै प्राप्त गर्न सकिँदैन । एकादशी व्रतको उचित तरिकाले अभ्यास गर्ने व्यक्ति सधै स्वस्थ, दीर्घायु, र विवेकी रहन्छ र उक्त व्यक्तिले दिमागमा अन्तर्निहित उक्त बुद्धि र विवेकद्वारा भविष्यमा आउने सबै प्रकारका अवरोधहरू हटाउन सक्छ जसका कारण उसको परिवार खुसी रहन्छ । धर्मशास्त्रमा यो पनि भनिएको छ कि उक्त व्यक्ति देहान्तपछि स्वर्गमा बस्नेछ।

*कक्षा-९, सिद्धार्थ शिशु सदन मावि, हेटौंडा-५*


**आवश्यकता**

**श्री महेन्द्र ज्योति माध्यमिक विद्यालय मनहरी–३ हाँडीखोला मकवानपुरमा रिक्त लेखापाल पदको लागि बिज्ञापन गरिएको हुँदा ईच्छुक योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्तको लागि अनुरोध गरिन्छ।**

**विज्ञापन नंः– ०१/२०८१/०८२**
**पदः– लेखापाल**
**संख्याः– १ (एक)**
**शैक्षिक योग्यताः– वाणिज्य संकायमा कम्तिमा १२ कक्षा उत्तीर्ण गरि कम्प्युटर सम्बन्धि आधारभूत तालिम प्राप्त गरेको।**
**तलबः– नेपाल सरकारले तोके बमोजिम।**
**परीक्षाको किसिमः लिखित तथा अर्न्तवार्ता**
**परीक्षा दस्तुरः– रु. १,००० ।– (एक हजार मात्र)**
**दरखास्त दिने अन्तिम मितिः– २०८१ मंसिर ११ गते दिनको ४:०० बजे सम्म।**
**सम्पर्क मितिः– २०८१/०८/११ गते ४:३० बजे।**
**परीक्षा मितिः– २०८१/०८/१२ गते दिनको ११:०० बजे बिद्यालय प्राङ्गणमा।**
**पाठ्यक्रमः– विद्यालयबाट प्राप्त गर्न सकिने।**
**विशेष ग्राह्यताः कक्षा ११ र १२ मा लेखाशास्त्र अध्यापन गराउन सक्ने।**
**सम्पर्क नम्बरः ९८५५०७२९६०/९८४५३७३७५९/९८४५४५५१४२**

**विस्तृत जानकारीको लागि विद्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।**

**श्री महेन्द्र ज्योति माध्यमिक विद्यालय**
**मनहरी गाउँपालिका–३, हाँडीखोला**



## चैनपूर जेसीज कप फुटबल प्रतियोगिता

# क्वार्टरफाइनल समीकरण पूरा




**समाज संवाददाता**

हेटौंडा: मकवानपुरको मनहरी गाउँपालिकामा जारी चैनपूर जेसीज कप खुला फुटबल प्रतियोगिताको क्वार्टरफाइनल समीकरण पूरा भएको छ। चैनपूर जेसीजको आयोजनामा जारी प्रतियोगिताअन्तर्गत मंगलबार प्रि-क्वाटरफाइनल चरणको अन्तिम दुई खेलहरु सम्पन्न भएसँगै क्वार्टरफाइनल समीकरण पूरा भएको हो।

मनहरी गाउँपालिका-७, गोलघर खेलमैदानमा भएको पहिलो खेलमा विजयी हुँदै हेटौंडाको पदमपोखरी युनाइटेड एफसी र मनहरी गाउँपालिकाको ५ नम्बर वडा क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। प्रि-क्वार्टरफाइनल चरणको दुबै खेलहरु टाइब्रेकरमा सम्पन्न भएको छ। पहिलो खेलमा पदमपोखरीले आरआर एफसीलाई टाइब्रेकरमा ५-४ गोलअन्तरले हराएको हो भने दोस्रो खेलमा मनहरी-५ ले ऋषेश्वरी क्लबलाई टाइब्रेरमा ८-७ गोलले हराएको हो। दुबै खेलको निर्धारित समय गोलरहित बराबरीमा सकिएपछि नतीजाका लागि टाइब्रेकरको सहारा लिनुपरेको थियो।

मनहरी-५ र ऋषेश्वरी क्लबबीचको खेलमा निकै प्रतिस्पर्धात्मक भएको थियो। टाइब्रेकरमा दुबै पक्षका ५-५ जना खेलाडीले बल प्रहार गर्दा पनि बराबरी भएपछि खेल सडन डेथमा पुगेको थियो। तर दुबै पक्षबाट फेरी ५ जनाले बल प्रहार गरेपछि मात्र नतीजा निकलिएको हो। पहिलो खेलको म्यान अफ द म्याच पदमपोखरीका गोलरक्षक रोजक थिङ र दोस्रो खेलको म्यान अफ द म्याच मनहरी-५ का गोलरक्षक अमीत स्याङ्तान घोषित भए। प्रतियोगिता अन्तर्गत बुधबारको पहिलो क्वार्टरफाइनल खेलमा ढँडो एफसी र सक्षम युवा क्लबबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा जनसिद्ध युवा क्लब र एफसी परेली क्लबबीच प्रतिस्पर्धा हुनेछ। प्रतियोगितामा १६ वटा टिमहरुको सहभागिता रहेको छ। प्रतियोगिताको फाइनल खेल मंसीर ३ गते हुनेछ। प्रतियोगिताको उपाधि विजेता टिमले १ लाख ११ हजार रुपैयाँ १ सय ११ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ५१ हजार १ सय ५१ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। मनहरी गाउँपालिकाको सहयोग तथा ४ नम्बर वडा कार्यालयको मुख्य प्रयोजनमा प्रतियोगिता सञ्चालन भइहरेको छ। गत वर्ष भएको पहिलो संस्करणको प्रतियोगिताको उपाधि बागमती प्रदेश प्रहरी गण हेटौँडाले जितेको थियो।

# मेची-महाकाली साइकल यात्रा मंगलबार हेटौंडामा




**समाज संवाददाता**

हेटौंडा: मेची-महाकाली साइकलयात्री समूह हेटौंडा आइपुगेका छन्। कात्तिक २४ गते मेची पुलबाट मेची-महाकाली राष्ट्रिय यात्रा सुरु गरेका ३ जना मंगलबार हेटौंडा आइपुगेका हुन्। 'जलवायु परिवर्तन, न्यायका लागि साइकल' भन्ने लक्ष्यसहित हेटौंडा आइपुगेका हेटौंडा-१८ हर्नामाडीका बरुण खतिवडा, हेटौंडा-८ कमानेका कृष्ण प्रसाद आर्चाय र हेटौंडा-७ नागस्वतीका पृथ्वी बहादुर रायमाझीलाई हेटौंडा-१० स्थित बुद्धचोकमा हिमालयन राइडर्स सोसाइटीका अध्यक्ष राजु थापा मगर सहितको टोलीले स्वागत गरेका थिए।

"राष्ट्रका लागि साइकल र स्वास्थ्यका लागि साइकल" भन्ने नारालाई सार्थक बनाएर पहिलो दिन बिहान ७ बजे मेची पूलबाट यात्रा सुरु गरेर पहिलो दिन सुनसरी, दोस्रो दिन लगभग १ सय १६ किलोमिटरको यात्रा पूरा गरेर मिर्चैया, तेस्रो दिन रौटहट जिल्लाको चन्द्रनिगाहपूरबाट ७६ किलोमिटरको यात्रा पूरा गरेर चौथो दिनमा हेटौंडा आइपुगेको साइकलयात्री वरुण खतिवडाले जानकारी दिनुभएको छ। मेची-महाकाली यात्रीहरु मध्ये कमानेका कृष्णप्रसाद आचार्य सबैभन्दा बढी ६९ वर्ष उमेर समूहका हुनुहुन्छ भने बरुण खतिवडा ५७ वर्ष उमेर समूहको हुनुहुन्छ। यस्तै पृथ्वी बहादुर रायमाझी ६२ वर्ष उमेर समूहका हुनुहुन्छ।

उहाँहरुले ११ दिनसम्म मेची-महाकालीको राष्ट्रिय यात्रा पूरा गर्ने लक्ष्य लिएको बताउनुभएको छ। बुधबार बिहान ७ बजे हेटौंडाबाट यात्रा सुरु गरेर नवलपरासीसम्म पुग्ने उहाँहरुले बताउनुभएको छ। गाडी, मोटरसाइकलहरुमा यात्र गरेको भन्दा साइकलमा यात्रा गर्दा प्रकृतिमा पनि फाइदा पुऱ्याउने गरेको बताउनुहुँदै उहाँहरुले भन्नुभयो, "साइकल चलाउँदा त्यसबाट कुनै प्रकारको नकारात्मक कुराहरु निस्कँदैन र धुँवा नआउने भएको कारणले हावालाई असर गर्दैन। साइकल चलाउँदै सीमित गतिमा चलन भएको कारणले जंगली जनावहरुलाई मूल्यांकन गर्न पाउने, जंगलको हरियाली वातावरण मूल्यांकन गर्न पाइने छ। त्यसैले पनि साइकलमा यात्रा गर्नु उचित हुन्छ।

वि.सं २०५४ सालमा पहिलो पटक मकवानपुरका ११ जनाले मेची-महाकालीको राष्ट्रिय यात्रा सुरु गरेको यात्रीहरुले बताउनुभयो। यात्रा सुरु गरेको झण्डै २५ वर्षपछि ११ जना मध्ये २५ वर्षपछि यात्रा गर्ने ११ जना मध्ये २ जना भानुभक्त आचार्य र लक्ष्मीचरण श्रेष्ठले यसलाई दोहोऱ्याउनका लागि गत वर्ष मकवानपुरका ११ जना र बुटवलका १३ जनाले मेची-महाकालीको यात्रालाई पूरा गरेको थियो। उक्त यात्रामा मकवानपुरकी महिला सीता श्रेष्ठ पनि सहभागी हुनुभएको थियो। यात्रा पूरा भएलगत्तै छिमेकी मुलुक भारतको नैनीतालसम्मको ४० किलोमिटरको यात्रा पूरा गर्ने लक्ष्य लिएको साइकलयात्रीको भनाई छ। साइकल चलाउनाले वातावरणको पनि संरक्षण गर्ने भएकोले यसको छुट्टै महत्व हुने हिमालयन राइडर्स सोसाइटीका अध्यक्ष राजु थापा मगर बताउनुहुन्छ।

# समृद्धको वार्षिकोत्सवमा विविध कार्यक्रम

**समाज संवाददाता**

हेटौँडा: हेटौँडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकले पन्ध्रौं वार्षिकोत्सवको अवसरमा मिडियासम्बन्धमा बहस, माध्यमिक विद्यालयस्तरीय निबन्ध लेखन प्रतियोगिताको आयोजना गर्ने भएको छ। वार्षिकोत्सवको अवसरमा मकवानपुरको छापा पत्रकारिताको आयामका विषयमा बहस सञ्चालन गरिने सम्पादक सुरेश श्रेष्ठले जानकारी दिनुभएको छ।

आगामी मंसिर १ गते हेटौँडामा हुने कार्यक्रममा बागमती प्रदेशका सञ्चार रजिष्ट्रार रेवती सापकोटा, अग्रज पत्रकार राममणि दाहाल, युवा पत्रकार सुनिता विष्टसँग बहस हुनेछ। बहसको सहजीकरण छवि अनित्यले गर्नुहुनेछ। आधुनिक सूचना प्रविधिको युगमा छापा पत्रकारिताको उपादेयता, प्रयोग, चुनौति र सम्भावनाका विषयमा रहेर बहस गरिने बताइएको छ। यस्तै 'सामाजिक चेतनाका लागि समाचारपत्र' शीर्षकमा माध्यमिक विद्यालय तहमा अध्ययनरत विद्यार्थीबीच निबन्ध लेखन प्रतियोगिताको आयोजना गरिएको सम्पादक श्रेष्ठले जानकारी दिनुभयो।

नयाँ पुस्ताका रुपमा रहने माध्यमिक तहका विद्यार्थीबीच समाचारपत्रको औचित्य, महत्व र यसका विविध आयामका विषयमा सचेतना अभिवृद्धि हुने अपेक्षासहित निबन्ध प्रतियोगिताको आयोजना गरिएको उहाँको भनाइ छ। संस्थागत र सामुदायिक गरी दुबै विद्यालयबाट ५० भन्दा बढी विद्यार्थी सहभागी हुने सम्पादक श्रेष्ठले बताउनुभयो। निबन्ध प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेले क्रमश: ३ हजार, २ हजार, १ हजार ५ सय र १ हजार रुपैयाँ नगदसहित प्रमाणपत्र प्राप्त गर्नेछ।

वार्षिकोत्सवको अवसरमा समृद्ध समाज राष्ट्रिय दैनिकले पूर्व सहकर्मीलाई प्रशंसापत्र प्रदान गर्नुका साथै नवप्रवेशीलाई स्वागत गर्ने बताइएको छ। यस्तै पठन संस्कृतिको विकासका लागि पनि आवश्यक कार्य गरिने सम्पादक श्रेष्ठले जानकारी दिनुभएको छ।

# चितुवाको बच्चा मृत फेला

**समाज संवाददाता**

हेटौँडा: धादिङ जिल्लाको धुनिवेशी नगरपालिका-७, ढाडेमा एउटा चितुवाको बच्चा मृत फेला परेको छ। सोमबार शिव शक्ति सामुदायिक वनमा अन्दाजी ३.५ फिट अग्लो चितुवाको बच्चा मृत अवस्थामा फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

इलाका प्रहरी कार्यालय खानीखोलाबाट प्रहरी टोली खटी गएको थियो। टोलीले वन कार्यालयसँग समन्वय गरी मुचुल्का कार्य समाप्त पश्चात सोहि ठाउँमा वन कार्यालयको टोलीले मृत चतुवाको बच्चा खाडलमा पुरिदिएको प्रहरीले जनाएको छ।

# मुकारुङका कवितासँगै साङ्गीतिक साँझ हुँदै

**समाज संवाददाता**

हेटौंडा: साहित्य संगम मकवानपुरको आयोजनामा कवि श्रवण मुकारुङका एकल कविता वाचन एवम् सांगीतिक साँझ हुने भएको छ। साहित्य संगम मकवानपुरको अक्षयकोष सहयोगार्थ आगामी मंसीर ७ गते कवि मुकारुङका एकल कविता एवम् सांगीतिक साँझ हुने भएको हो। यसअघि भदौ १ गते कार्यक्रम हुनेगरी मिति तय गरिए तापनि मुकारुङको स्वास्थ्य अवस्था ठीक नभएकोले स्थगित गरिएको थियो। साहित्य संगम मकवानपुरका सचिव मनोज पोखरेलले पछिल्लो समयमा मुकारुङको राई माइलाले गाउँ छाड्यो रे.. बोलको गीत चर्चित गीत बनेको बताउनुभयो। सांगीतिक साँझ हेटौंडा-४, स्थित हेटौंडा पार्टी प्यालेसमा हुनेछ।

सांगीतिक साँझमा सहभागी हुनका लागि अक्षयकोषको सहयोगार्थ प्रतिव्यक्ति ५ सय रुपैयाँको दरले टिकटको व्यवस्था गरिएको सचिव पोखरेलले बताउनुभयो। नेपाली साहित्य जगतमा लोकप्रिय कवि तथा गीतकारको रुपमा परिचित मुकारुङको सर्वश्रेष्ठ गीतकार (रेडियो नेपाल, २०४७), राष्ट्रिय कविता महोत्सवमा द्वितीय (२०४८), राष्ट्रिय कविता महोत्सवमा प्रथम (२०५३), युवा स्रष्टा सम्मान (२०५६), रवीन्द्र गीत सम्मान (२०५६), मोहन रेग्मी स्मृति पुरस्कार (२०५९), युवा वर्ष मोती पुरस्कार (२०६०), समय सम्मान (२०६२), लोकेन्द्र साहित्य पुरस्कार (२०६२), जीवन स्मृति पुरस्कार (२०६३), शुभप्रभात काव्य सम्मान (२०६३), स्रष्टा सम्मान (२०६४), विशिष्ट सम्मान (सन् २००७) जस्ता सम्मान तथा पुरस्कारबाट सम्मानित स्रष्टा हुनुहुन्छ।

उहाँको देश खोज्दै जाँदा (२०४९), जीवनको लय (कवितासङ्ग्रह, २०६०), हिउँको दरबार (गीतसङ्ग्रह, २०५३), यलम्बर (नाटक, २०५३), फूलको आवाज (२०५५), बिसे नगर्चीको बयान र अन्य कविता (भीसीडी, २०६३) आदि प्रकाशित भएको उहाँले बताउनुभयो। उहाँको हजुर हजुर ए हजुर, सुनकोशीको सुनको पानी, तिमी तारे भिर, बाटो हेरे हुन्छ आमा, माथी माथी सैलुङगेमा गीतहरु प्रकाशित रहेको उहाँले बताउनुभयो। कार्यक्रममा श्याम कुमार बानियाँ, अन्जन दहाल, सुनिता बुर्लाकोटी, रमेश गहतराज, लालकाजी परियार र बाल प्रतिभा भएको प्रसिद्धि लामिछानेको पनि सांगीतिक प्रस्तुती रहने छ।

# ईन्द्रसरोवरमा प्रमुख प्रशासकीय फेरिए



*प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र लामालाई स्वागत गर्नुहुँदै गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी ।*

**समाज संवाददाता**

हेटौंडा: मकवानपुर जिल्लाको उत्तरीक्षेत्र ईन्द्रसरोवर गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत फेरिएको छ। गाउँपालिकाका यसअघि प्रमुख प्रशासकीय अधिकृत प्रल्हाद कार्की भरतपुर महानगरपालिका सरुवा भएर जानुभएपछि रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिकाबाट सरुवा भएर प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र लामा ईन्द्रसरोवर गाउँपालिका आउनुभएको हो।

गाउँपालिकाका अध्यक्ष, उपाध्यक्षसहित जनप्रतिनिधि, कर्मचारीले प्रमुख प्रशासकीय अधिकृत लामालाई स्वागत गरेका थिए। कार्कीले २५ महिना ईन्द्रसरोवर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भएर काम गर्नुभयो। लामा १५ महिना रामेछाप जिल्लाको उमाकुण्ठ गाउँपालिकामा काम गरेर ईन्द्ररोवर गाउँपालिका ाउनुभएको हो। नवआगन्तुक प्रमुख प्रशासकीय अधिकृत लामाले जनप्रतिनिधि र सहकर्मी कर्मचारीको साथ र सहयोगमा उल्लेखनीय काम गर्ने बताउनुभएको छ। जिल्लाकै सानो भुगोल भएको गाउँपालिकाको समग्र विकासमा सक्दो राम्रो प्रयास गर्ने लामाको भनाइ छ।

# लागुऔषधसहित २ जना पक्राउ

**समाज संवाददाता**

हेटौँडा: मकवानपुर प्रहरीले बकैया गाउँपालिकाबाट लागुऔषधसहित २ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा बकैया गाउँपालिका-३, चिसापानीका २१ वर्षीय दिनेश घिसिङ र २० वर्षीय सुवास घिसिङ छन्। उनिहरुको साथबाट ट्रामाडोल ३० क्याप्सुल र ट्यापेन्ट्डोल ७० ट्याब्लेट फेला पारेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार उनिहरुलाई हात्तीसुँढे प्रहरी चौकीबाट खटिएको प्रहरी टोलीले गत आईतबार साँझ सडकमा शंकास्पद अवस्थामा हिँड्दै गरेको अवस्थामा शंका लागी सुरक्षाजाँच गर्दा लागुऔषध फेला पारेको हो। प्रहरीले दिनेश र सुवासलाई मकवानपुर जिल्ला अदालतबाट ५ दिनको म्याद अनुमती लिई अनुसन्धान गरिरहेको जनाएको छ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

# रायोको साग ५ रुपैयाँले बढ्यो

**समाज संवाददाता**

हेटौँडा: हेटौँडाको थोक तरकारी बजामा सागको मूल्य सामान्य बृद्धि भएको छ। सोमबार प्रतिमुठा १५ रुपैयाँमा थोक मूल्यमा बिक्री भएको साग बुधबार ५ रुपैयाँ बढेर प्रतिमुठा २० रुपैयामा बिक्री भैरहेको व्यवसायी बद्रि घिमिरेले जानकारी दिनुभएको छ। मंगलबार हरिबोधनी एकादशी परेका कारण सागको मूल्यमा थोरै बृद्धि भएको घिमिरेको भनाई छ।

अन्य तरकारी भने सोमबारकै मूल्यमा बिक्रीवितरण भैरहेको घिमिरेले बताउनुभयो। सोमबार तरकारी बजारमा काउली प्रतिकिलो ९० रुपैयाँ, बन्दा ५०, मकै बोडी ५०, तने बोडी पनि ५०, गोलभेँडा १२०, करेला १००, हरीयो खोर्सानी १०० र हरीयो धनियाँ ७० रुपैयाँसम्मं प्रतिकिलो थोक मूलयमा बिक्री भएको थियो। यस्तै नयाँ आलु ७५ र पुरानो आलु ५५ रुपैयाँ प्रतिकिलो बिक्री भएको थियो। अबको २ सातापछि भने स्थानीय तरकारीको उत्पादन बढेपछि मूल्यमा गिरावट आउने घिमिरेले बताउनुभयो। उहाँका अनुसार अबको २ सातापछि मकवानपुरको मार्खु चित्लाङ्ग, पालुङ्ग, मनहरी, सामरी, सिस्नेरी, हटीया, हाँडीखोला, मक्रान्चुली तथा तराईका जिल्लाहरुबाट तरकारीको आयातमा बृद्धि हुनेछ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ